नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०७७ ०७८
चलानी नं: २६२

मिति: २०७७ ०७ २३

वडा सचिव श्री शोभाकान्त पोखेल, वडा नं. ४, नार्पा भूमि गाउँपालिका, मनाङ ।
वडा सचिव श्री ज्योति पौडेल, वडा नं. ३, नार्पा भूमि गाउँपालिका, मनाङ ।
वडा सचिव श्री गीता शर्मा वडा नं. २, नार्पा भूमि गाउँपालिका, मनाङ ।
वडा सचिव श्री सपना घिमिरे वडा नं. १, नार्पा भूमि गाउँपालिका, मनाङ ।
वडा सचिव श्री भोजराज पाण्डे वडा नं. ५, नार्पा भूमि गाउँपालिका, मनाङ ।

**बिषय:- कामदारहरुको दुर्घटना बिमा सम्बन्धमा ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय चामे मनाङको प.सं. ०७७/७८ च.नं. ३५६ मिति २०७७।०७।१३ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । यस गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका पूर्वाधार निर्माणका कार्यमा संलग्न कामदारहरुको दुर्घटना बिमा नभएको नगराइ काममा लगाईएको सूचना जानकारीमा आएकोले यहाँहरुको वडामा उपभोक्ता समितिमार्फत वा ठेकेदार कम्पनिको तर्फबाट भएका निर्माण भएका आयोजनाहरु एवं उक्त आयोजनाहरुमा कार्यरत कामदारहरुको संक्षिप्त विवरण तपशिल बमोजिमको ढाँचामा संकलन गरी अभिलेख राखी सो को जानकारी गाउँपालिका कार्यालयमा पठाउनुहुन जानकारीको लागि अनुरोध छ ।

**तपशिल**

वडा समितिको कार्यालय वडा नं.........

| क्र.स. | उपभोक्ता समितिको नाम | उपभोक्ता समितिको | | कार्यरत कामदारको संख्या | दुर्घटना बिमा | | बिमा नगर्नुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्षको नाम | सम्पर्क नम्बर | | गरेको कमादारको संख्या | नगरेका कमादार को संख्या | | |
| | | | | | | | | |
| | | | | | | | | |

बिकट भुगोल रहेको र कमजोर सडक पहुँचयुक्त यस जिल्लामा पूर्वाधार निर्माण कार्य भन्ने जोखिमपूर्ण रहेको सन्दर्भमा उपभोक्ता समिति, निर्माण व्यवसायी वा अन्य जुनसुकै माध्यमबाट हुने त्यस्ता कार्यमा संलग्न मजदुर कामदारहरुको नियमानुसार दुर्घटना बिमा गर्नु आवश्यक र अनिवार्य रहेको हुँदा उक्त बिमा अनिवार्य रुपमा गराइ कामदारहरुका काममा लगाउने व्यवस्था मिलाउन उपभोक्ता समितिलाई सूचित गर्नुहुन साथै सो को प्रत्यक्ष अनुगमन वडा समितिमार्फत समेत गर्ने व्यवस्था मिलाउनुहुन समेत अनुरोध गरिन्छ ।

रुकमागत उपाध्याय
(प्रमुख प्रशासकीय अधिकृत)

**बोधार्थ :-**
श्री जिल्ला प्रशासन कार्यालय, चामे मनाङ ।
श्री वडा समितिको कार्यालय सबै,
नार्पा भूमि गाउँपालिका, मनाङ ।